# झापा जिल्ला अदालत

## मोटरसाइकलहरू वार्ताद्वारा लिलाम बिक्री गर्ने सम्वन्धी सूचना

**सूचना प्रकाशित मितिः-२०७८।१०।२७**

बिभिन्न मुद्दामा दशी स्वरूप दाखिल हुन आएका यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका तपशिल बमोजिमका दुईपाङ्ग्रे सवारीसाधन (मोटरसाइकल, स्कुटर) हाल जे जस्तो अवस्थामा छन सोहि अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(२) तथा आर्थिक नियम समेत बमोजिम मिति मिति २०७८।०६।१२ को निर्णय बमोजिम मिति २०७८।०९।१३ गते वसेको मूल्याङ्कन समितिको निर्णय अनुसार न्यूनतम मूल्य कायम गरी सो मूल्यवाट शिलवन्दी वोलपत्रको माध्यमवाट डाक वढावढ गरी लिलाम गर्ने गरी १५ दिने सूचना मिति २०७८।०९।१९ गते प्रकाशित गरी सम्वन्धित कार्यालय र स्थानिय तहमा समेत सूचना पठाएकोमा तोकिएको अवधिमा कोहि कसैको दरखास्त नपरेको र उल्लिखित सवारी साधनहरूको सिलवन्दी बोलपत्र आवाहान सम्वन्धी ७ दिने सूचना मिति २०७८।१०।१७ गते प्रकाशित गरी सम्वन्धित कार्यालय र स्थानिय तहमा समेत सूचना पठाएकोमा तोकिएको अवधिमा कोहि कसैको दरखास्त नपरेकोले जिल्ला अदालत नियमावली २०७५ को नियम९२(११) बमोजिम उक्त मोटरसाइकलहरू मिति २०७८।११।११ गते पुनः वार्ताद्वारा कायम हुने मूल्यमा एकमुष्ट सामान बिक्री गर्न वा एकमुष्ट बिक्री गर्न नसकिएमा एक एक गरी बिक्री गरिने हुँदा इच्छुक नेपाली नागरिक फर्म,संस्था वा कम्पनीवाट निम्न सर्तहरूको अधिनमा रहि डाक वढावढको लागि आवाहान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपशिल

| सि.नं. | जिन्सी नं. | सवारी साधनको विवरण | बनेको साल | कैफियत |
|---|---|---|---|---|
| १ | ११३० | मे४प ९०८२,Honda Dio 109cc<br>च्या.नं.ME4JF391HC8055700<br>इ.नं.JF39E-0055755 | २०१२ | दर्ता हुने |
| २ | १०६५ | मे७प ५७३४,Bajaj pulsar AS 150cc<br>च्या.नं.MD2A82DZ2FCE38007<br>इ.नं.JEZCFE40347 | २०१५ | दर्ता हुने |
| ३ | ९४४ | मे६प५९४२TVS Apache 160cc<br>च्या.नं.MD634KE41C2N35364 | २०१५ | दर्ता हुने |

| | | | | |
|---|---|---|---|---|
| | | इ.नं.OE4NC2422555 | | |
| ४ | ६८६ | मे६प४८९२,Yamaha 150cc<br>च्या.नं.ME11PS077E2002427<br>इ.नं.1PS7002334 | २०१४ | दर्ता हुने |
| ५ | ९१८ | मे३प ४६९५,Bajaj 150cc<br>च्या.नं.MD2DSJNZZPCH84850<br>इ.नं.JNGBPH94006 | २००७ | दर्ता नहुने (स्क्रयाप) |
| ६ | ९४४ | मे३प ६२७ Suzuki 150cc<br>च्या.नं.MB8NG49AL98122439<br>इ.नं.G423-122497 | २००९ | दर्ता नहुने(स्क्रयाप) |
| ७ | ६८६ | मे३प १६००,Bajaj 150cc<br>च्या.नं.MD2DHDHZZSCJ80816<br>इ.नं.DHGBSJ170842 | २००९ | दर्ता नहुने(स्क्रयाप) |
| ८ | ६८६ | मे२प१२७३,Bajaj 178.60cc<br>च्या.नं.MD2DHDJZZPCG57904<br>ई.नं.DJGBPG14884 | २००७ | दर्ता नहुने(स्क्रयाप) |
| ९ | ११०० | मे३प३१९२,Bajaj 178.60cc<br>च्या.नं.MD2DHDJZZSCL33002<br>इ.नं.DJGBSL52361 | २०१० | दर्ता नहुने(स्क्रयाप) |
| १० | १०५७ | मे२प ५२१३,Yamaha 123.7cc<br>च्या.नं.04L4LS-417801<br>ई.नं. 4LS417801 | २००४ | दर्ता नहुने(स्क्रयाप) |
| ११ | १०५३ | मे३प१८२९,Honda 150cc<br>च्या.नं.ME4KC093M98110544<br>ई.नं.KC09E-1112244 | २००९ | दर्ता नहुने(स्क्रयाप) |
| १२ | ९९८ | मे१प८५५४,Bajaj 143.90cc<br>च्या.नं.MD2DHZZNCG1179<br>ई.नं.DH6BNG5006 | २००६ | दर्ता नहुने(स्क्रयाप) |
| १३ | ७८७ | मे२प १३४,Yamaha 125cc<br>च्या.नं.07E5TSD-000066<br>ई.नं.5TSD000066 | २००७ | दर्ता नहुने(स्क्रयाप) |
| १४ | ६८६ | मे१प९३८१,Bajaj 143.90cc<br>च्या.नं.MD2DHDZZNCM47684<br>ई.नं.DHGBNM85417 | २००७ | दर्ता नहुने(स्क्रयाप) |

| | | | | |
|---|---|---|---|---|
| १५ | ९८१ | मे३प६१९२,Bajaja 220cc<br>च्या.नं.MD2DHDKZZTCE70385<br>ई.नं.DKGBTE71741 | २०१० | दर्ता नहुने(स्क्रयाप) |

शर्तहरू:-

१. वार्ताद्धारा कायम भएको मुल्यमा जिन्सी सामानहरू विक्री गरिने मिति, समय र स्थानः- २०७८ साल फाल्गुन ११ गते दिउँसो २.०० वजे देखि ४.०० वजे सम्म यस अदालतको तहशिल शाखा र सो दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट सोही समय र स्थानमा ।

२. वार्ताद्धारा हुने विक्रीमा सहभागी हुन चाहने इच्छुक नेपाली नागरिक फर्म,संस्था वा कम्पनीले मिति २०७८।११।११ गते दिउँसो १.००वजे सम्म व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रू.१०।— तिरि निवेदन यस अदालतको तहशिल शाखामा वुझाउनु पर्ने छ ।

३. निवेदन दर्ता नगराई वार्ताद्धारा विक्री गरिने मिति समयमा उपस्थित हुने व्यक्ति, फर्म,संस्था वा कम्पनीलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराइने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयभित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्धारा मुल्य कायम भएको मुल्यमा विक्री गरिने र एक भन्दा वढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागी वीच डाक लिलाम वढावढको प्रकृया अपनाइने छ । सो प्रक्रियामा सवै भण्दा वढी अंक कवुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढइएका उक्त सामानहरू बिक्री गरिने छ ।

५. वार्ताद्धारा जिन्सी सामानहरू बिक्री गरिने कार्यमा लिलाम वढावढमा आफुले कवोल गरेको अंकको १०% ले हुने रकम तत्कालै नगदै धरौटीमा राख्नु पर्ने छ ।

६. डाक सकार गरी लिनेले ७ दिन भित्र वाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले १५ दिन भित्र सामान उठाइ लैजानु पर्ने छ । ७ दिन भित्र आफुले कवोल गरेको वाँकी रकम दाखिला नगरे वा समान लिन नआएमा निजले दाखिला गरेको धरौटी रकम कानून बमोजिम जफत गरिने छ ।

७. पुनः प्रयोग गर्न नपाईने सवारी साधनहरु पत्रुका रुपमा आफ्नै खर्चमा टुक्रा टुक्रा पारी लैजानु पर्नेछ।

८. सवारी साधन दर्ता गर्दा लाग्ने नेपाल सरकारले तोके बमोजिमको शुल्क वार्ताद्धारा सामान सकार गरी लिनेले तिर्नु पर्नेछ ।

९. यस सम्वन्धी थप जानकारी लिनु परेमा कार्यालय समय भित्र यस अदालतको तहशिल शाखामा सम्पर्क गर्न सकिने छ ।

गणेश पाण्डे
तहसिलदार(शाखा अधिकृत)

इति सम्बत् २०७८ साल माघ २७ गते रोज ५ शुभम् ----------------------------------------